# मदाने गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
## पुर्कोटदह गुल्मी
## ५ नं प्रदेश नेपाल

Madane Rural Municipality
Office of the Rural Municipal Executive
Purkotdah, Gulmi
5 No.Province, Nepal

च.नं.:३२३

**औषधी आपूर्ती सम्बन्धि दरभाउपत्र आह्वानको सूचना नं.०५/ ०७६/०७७**

(प्रथम पटक सूचना प्रकाशन मिति २०७६/०६/३०)

१. औषधी आपूर्ति सम्बन्धी व्यवसाय गर्न सम्बन्धित निकायमा दर्ता भएका आपूर्तिकर्ताहरुबाट २०७६ साल असोज ३० गते देखि २०७६ कार्तिक १४ गते सम्म औषधी आपूर्तिको लागि दरभाउपत्र खरिद गर्न मदाने गाउँपालिका कार्यालय गुल्मीले आहवान गर्दछ ।

२. खरिद गरिने औषधीको किसिम तथा परिमाण दरभाउपत्र सम्बन्धी कागजातमा उल्लेख भए बमोजिम हुनेछ ।

३. दरभाउपत्र सम्बन्धी कागजात खरिद गर्न चाहने इच्छुक नेपाली आपूर्तिकर्ताले लिखित आवेदन सहित यस मदाने गाउँपालिका कार्यालय गुल्मीमा रु १०००। (फिर्ता नहुने गरी) बुझाई, अध्यावधिक नविकरण गरिएका औषधी व्यवस्था विभागमा दर्ता भएका प्रमाण पत्र, स्थायी लेखा नं., आ.व. २०७५/०७६ को कर चुक्ताको प्रमाण वा म्यादथपको पत्र नोटरी पब्लिकबाट प्रमाणित भएका प्रतिलिपीहरु सहित दरभाउपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति भन्दा एकदिन अगाडीसम्म कार्यालय समय भित्र खरिद गर्न सक्नेछन् र नोटरी पब्लिकबाट प्रमाणित नभएका र नविकरण सम्बन्धि अध्यावधिक नभएका कागजात पेश भएमा मूल्याकनमा समावेश गरिने छैन ।

४. दरभाउपत्र मान्य अवधि दरभाउपत्र खोलिएको मितिदेखि ४५ दिनको हुनेछ ।

५. दरभाउपत्र पेश गर्दा दरभाउपत्र साथ रु.४२०००। दरभाउपत्र खोलिने मिति देखि गणना हुनेगरी ७५ दिन मान्य रहने गरी नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजत प्राप्त वाणिज्य बैंकबाट जारी गरेको बैंक जमानत वा मदाने गाउँपालिका कार्यालय गुल्मीको कृषि विकास बैंक स्थित धरौटी खाता नं. ०४२५४०१४९९७४८०४१ नगद जम्मा गरेको सक्कल बैंक भौचर दरभाउपत्रसाथ संलग्न गर्नुपर्ने छ ।

६. दाखिला भएका दरभाउपत्रहरु २०७६ कार्तिक १५ गते दिनको १२:०० बजेसम्म दर्ता गरिसक्नु पर्नेछ । दरभाउपत्र दाताले आफू स्वयं वा अधिकार प्राप्त व्यक्ति मार्फत दरभाउपत्र फिर्ता लिन चाहेमा दर्ता अवधि भित्र फिर्ता गर्न सकिने छ । दर्ता भएका दरभाउपत्रहरु दिउसो २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा मदाने गाउँपालिका कार्यालय गुल्मीमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । पूर्व निधारित मितिमा कारणवस दरभाउपत्र नखोलिएको अवस्थामा दरभाउपत्र र दरभाउपत्र जमानतको मान्य अवधिको गणना पूर्व निर्धारित मिति देखिने गरिनेछ ।

७. दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो कार्यहरु विदाको लगत्तै पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

८. दरभाउपत्रमा आइटम वाइज दर अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षर बीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएमा दरभाउपत्रदाताको सहीछाप भएको हुनु पर्नेछ ।

९.सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० ङ अनुसार दरभाउपत्र दाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, आफ्नो स्वार्थ नबाझिएको, पेशा वा व्यवसाय सम्बन्धी कसुरमा कुनै सजाय नपाएको भनि लिखित रुपमा स्व घोषणा पत्र पेश गर्नुपर्ने छ ।

१०. एक फर्म, संस्था वा कम्पनीको नाममा खरिद गरिएको दरभाउपत्र अर्को फर्म, संस्था वा कम्पनीको नामबाट पेश गर्न पाइने छैन ।

११. औषधी आपूर्ति गर्ने करार अवधि भित्र कुनै किसिमको मूल्य बृद्धि दिईने छैन ।

१२. दरभाउपत्र स्वीकृत गर्ने, रद्द गर्ने र आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस मदाने गाउँपालिका कार्यालयमा सुरक्षित रहनेछ ।

१३. औषधीको म्यादका सम्वन्धमा औषधी दाखिला हुने समयमा कम्तिमा १८ महिनाको Expiry Date बाँकी हुनुपर्नेछ तर कुनै औषधीको जम्मा Expiry Date १८ महिना भन्दा कम हुने अवस्थामा Expiry Date को ७५ प्रतिशत म्याद दाखिला हुने मितिमा बाँकी हुनु पर्नेछ ।

१४. औषधी सप्लाई गर्दा WHO GMP Certified Company हरुबाट उत्पादित औषधिहरुमा मात्र सप्लाई दिनु पर्नेछ र प्रत्येक सप्लाई हुने औषधीको बाहिर **"निःशुल्क वितरणको लागि"** छाप लगाइएको हुनुपर्नेछ ।

१५. बोतलमा प्याकिङ्ग हुने औषधीहरु सबै प्लाष्टिकको बोतलमा हुनु पर्नेछ ।

१६. औषधी आपूर्ति सम्बन्धमा सम्झौता भएको मितिले १ महिना भित्र आपूर्ति गरिसक्नु पर्नेछ । उक्त अवधिमा आपूर्ति हुन नसके ठेक्का तोडी नियमानुसार अगाडी बढ्न कार्यालयलाई बाधा पर्ने छैन ।

१७. सूचनामा उल्लेख नभएको कुराहरुको हकमा सार्वजनिक खरीद ऐन, २०६३ र सार्बजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ ।

१८. दरभाउपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्नु परेमा वा दरभाउपत्र सम्बन्धी कागजात हेर्नु परेमा यस मदाने गाउँपालिका कार्यालय गुल्मीको सम्पर्क न ९८५७०४९०४९ र ९८४७५९१४४९मा सम्पर्क राख्न सकिनेछ ।

**दरभाउपत्र सम्बन्धी विवरण**

| सि.नं. | दरभाउपत्र नं. | कामको विवरण | लागत अनुमान भ्याट सहित | धरौटी |
|---|---|---|---|---|
| १ | OMDRM-GUL—SQ—16—076/077 | औषधी आपूर्ती | १६,५०,००० | ४२०००। |

प्रमुख प्रशासकिय अधिकृत